सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष : ४ ✯ अंक : २८६ ✯ २०७९ साल, साउन ११ गते बुधबार, ✯ Wednesday 27 July, 2022 मूल्य रु. ५/- ✯ पृष्ठ : ४

## स्थानीय निर्वाचनमा प्रति मतदाता २८४ रुपैयाँ खर्च

*काठमाडौं, १० साउन/*

गत ३० वैशचखमा सम्पन्न स्थानीय तह निर्वाचनमा एउटा मतका लागि २८४ रुपैयाँ खर्च भएको छ । चुनावमा निर्वाचन आयोगले गरेको खर्चलाई मतदाताको संख्याले भाग गरेर प्रतिमत २८४ खर्च भएको विवरण सार्वजनिक गरेको हो । तर यसमा राजनीतिक दल र उम्मेदवारले चुनाव प्रचार प्रसारका क्रममा गरेको खर्च र सुरक्षाका लागि सरकारले गरेको खर्च जोडिएको छैन । प्रतिमतदाता खर्चको हिसाबले यो स्थानीय तह निर्वाचन २०६४ सालयताकै कम खर्चिलो हो । स्थानीय तह निर्वाचनमा आयोगले पाँच अर्ब चार करोड रुपैयाँ खर्च गरेको छ। चुनावमा एक करोड ७७ लाख मतदातामध्ये एक करोड २५ लाखले मात्र मतदान गरेका छन्। आयोगले भने खसेको मत नभई कुल मतदाताका आधारमा प्रतिमत खर्च निकाल्ने गरेको छ। स्थानीय निर्वाचनमा हरेक मतदान केन्द्रमा दुई लाख २९ हजार रुपैयाँ खर्च भएको थियो । आयोगको विवरण अनुसार, स्थानीय




तह निर्वाचनमा भएको खर्च २०७० सालको संविधानसभा निर्वाचन, २०७४ सालको स्थानीय तह निर्वाचन र प्रदेश तथा प्रतिनिधिसभा निर्वाचन भन्दा मितव्ययी हो। आयोगले २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा पाँच अर्ब ९८ करोड रुपैंया खर्च भएको जनाएको छ। त्यतिबेला प्रति मतदाता ४९३ रुपैयाँ खर्च भएको थियो। प्रति मतदान केन्द्रमा ३ लाख १८ हजार रुपैयाँ खर्च भएको थियो । २०७४ सालको स्थानीय तह निर्वाचनमा सात अर्ब १५ करोड ७७ लाख रुपैयाँ खर्च भएको थियो। त्यतिबेला प्रतिमतदाता ५०९ रुपैयाँ खर्च भएको थियो । एउटा मतदान केन्द्रमा तीन लाख ९३ हजार रुपैयाँको अनुपातमा खर्च भएको थियो । निर्वाचन आयोगले विज्ञप्तिमा भनेको छ, 'पछिल्ला निर्वाचनहरूको तुलनामा स्थानीय तह सदस्य निर्वाचन, २०७९ सबैभन्दा मितव्ययी निर्वाचन हुन गएको छ ।' प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनका क्रममा हरेक शीर्षकको कामलाई मितव्ययी बनाउने प्रयास भएकाले कम खर्चिलो भएको दावी गरे । 'हामीले जसरी हुन्छ कम खर्चमा निर्वाचन गर्ने प्रयास गरेका थियौं' उनले भने, 'त्यसैले अघिल्ला निर्वाचनको तुलनामा मितव्ययी रुपमा निर्वाचन सम्भव भएको हो ।' उनका अनुसार यसपटक कम खर्च हुनुको प्रमुख कारण एकै चरणमा निर्वाचन हुनु हो। अघिल्ला निर्वाचनहरु एकभन्दा बढी चरणमा सम्पन्न भएका थिए । निर्वाचन अवधि लम्बिँदा आयोगका पदाधिकारीदेखि कार्यालय सहयोगीसम्मको भत्ताका लागि बढी खर्च हुन्छ । अनि पटक पटक

*(बाँकी अन्तिम पेजमा)*

## एटीएम मेसिन फुटाउँदै गर्दा २ जना पक्राउ



*वीरगञ्ज, १० साउन/*

प्रहरीले वीरगञ्जमा एटीएम मेसिन फुटाएर चोरी गर्न खोज्ने दुई जनालाई पक्राउ गरेको छ । बाराको कलैया उपमहानगरपालिका बस्ने २७ वर्षीय राजकपुर चौधरी र जीतपुरसिमरा उपमहानगरपालिका- ५ बस्ने २५ वर्षीय अजय चौधरीलाई प्रहरीले पक्राउ गरेको हो। साउन ८ गते राति १०:५३ बजेतिर वीरगञ्ज महानगरपालिका-८ स्थित माछापुच्छे बैंकको एटीएम मेसिन फुटाउँदै गर्दा उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रल्हाद कार्कीले जानकारी दिए। एटीएम मेसिन फुटाउँदै गरेको छ भन्ने जानकारी प्राप्त हुनासाथ

*(बाँकी अन्तिम पेजमा)*

## मधेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गर्न जसपाको माग

*वीरगञ्ज, १० साउन/*

जनता समाजवादी पार्टीको पर्सा जिल्ला समितिले जिल्लालाई 'सुख्खा क्षेत्र घोषणा' का लागि दबाव दिने निर्णय गरेको छ । बैठकले पर्सा जिल्लालाई सुख्खा क्षेत्र घोषणा गर्न प्रमुख जिल्ला अधिकारी मार्फत मुख्यमन्त्री र प्रधानमन्त्रीको ध्यानाकर्षण गराउने निर्णय गरेको हो । धेरै क्षेत्रफलमा रोपाईं हुन नसकेको र रोपाई भएको खेतमा पनि पानी र मलखाद नभएकाले किसान मर्कामा परेका कारण सुख्खाग्रस्त क्षेत्र घोषणाका लागि दवाव दिने निर्णय भएको जसपा नेपाल पर्साका सचिव तवरेज अहमदले जानकारी दिए । यसअघि साउन ७ गते बसेको जसपा नेपाल प्रदेश



कार्यकारिणी समितिको बैठकले मधेस प्रदेशलाई नै सुख्खा ग्रस्त क्षेत्र घोषणा गर्नुपर्ने निर्णय गरेको छ। प्रदेश अध्यक्ष रामबाबु कुमार यादवको अध्यक्षतामा बसेको बैठकले किसानको समस्या दिर्घकालिन रुपमा समाधान गर्नका लागि डिप बोरिङ, सिँचाइ, मलखाद्य, बैंकको ब्याज मिनाहा लगायतका माग अघि सार्ने निर्णय गरेको थियो । पालिका

*(बाँकी अन्तिम पेजमा)*

## राष्ट्र बैंकको निष्कर्ष : कर्जा स्वीकृतिमा बैंक सञ्चालकको हस्तक्षेप




*काठमाडौं, १० साउन/*

नेपाल राष्ट्र बैकले बैंकहरुको दर्जनौं कमजोरी औल्याएको छ। राष्ट्र बैंकको बैंक सुपरिवेक्षण विभागले सार्वजनिक गरेको आर्थिक वर्ष २०७७/७८ को बैंक सुपरिवेक्षण रिपोर्टमा बैंकहरुले ऋणीको क्षमता मूल्यांकन नगरी धितोको आधारमा ऋण दिने गरेको उल्लेख छ। यस्तै कोभिड-१९ को बेलामा दिएको अतिरिक्त चालु पूँजी कर्जा प्रयोग अर्को ऋण तिर्नका लागि भएको प्रतिवेदनमा उल्लेख छ। बैंकहरुमा कर्जा स्वीकृत गर्ने प्रक्रियामा बोर्डको संलग्नता हुने गरेको कमजोरी

*(बाँकी अन्तिम पेजमा)*

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका
फेटा (बारा)

## छानबिन समितिको प्रारम्भिक निष्कर्ष : भेटिएन यथेष्ट प्रमाण

*काठमाडौं, १० साउन/*

नेपाल प्रहरीको फरेन्सिक ल्याबमा रिकभर गरिएको सीसीटीभी फुटेज हेरेपछि संसदीय विशेष समिति करको दर हेरफेरमा अनधिकृत व्यक्तिको संलग्नताको यथेष्ट प्रमाण नभेटिएको प्रारम्भिक निष्कर्षमा पुगेको छ । तत्कालीन अर्थमन्त्री जनार्दन शर्मामाथि आर्थिक वर्ष २०७९/८० को बजेट निर्माणका क्रममा करको दर हेरफेरका लागि अनधिकृत व्यक्तिलाई संलग्न गराएको आरोप लागेपछि प्रतिनिधिसभाले छानबिनका लागि २२ असारमा संसदीय विशेष समिति गठन गरेको थियो । अनधिकृत व्यक्तिको संलग्नता लुकाउन बजेट निर्माणको समयको सीसीभीटी फुटेज डिलिट गरेको आरोपसमेत लाग्यो भने शर्माले पनि राजीनामा दिए। विशेष समितिले पनि दोस्रो बैठकमै १४ जेठको मध्यान्ह १२ बजेदेखि १५ गते मध्यान्ह १२ बजेसम्मको फुटेज माग्यो। तर पछिल्लो १३ दिनको मात्र अभिलेख रहने बताएको अर्थ मन्त्रालयले असार महिनाको मात्र



फुटेज उपलब्ध गरायो भने समितिमा उपस्थित भएका अर्थ सचिव, राजश्व सचिव लगायतका अधिकारीहरुले अनधिकृत व्यक्तिको संलग्नता अस्वीकार गरे । त्यसपछि विशेष समितिले अर्थ मन्त्रालयको सीसीटीभीको हार्डडिस्क रिकभर गरेर हेर्ने निष्कर्षमा पुगेको थियो । समितिले हार्डडिस्क नेपाल प्रहरीको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला पठायो, जसको रिपोर्ट सोमबार आयो । मंगलबार समितिले हेर्दा रिकभर भएका फुटेजहरुमा जेठ १४ गतेको मात्रै ५१ वटा क्लिप छ । अधिकांश भिडियो क्लिप एक/दुई सेकेण्डका थिए। एक सदस्यका अनुसार कुनै पनि प्रष्ट बुझिने छैनन् । विशेष समितिले गृह मन्त्रालयसँग पनि सिंहदरबारको दक्षिण र पश्चिम गेटको सीसीटीभी फुटेज मागेको थियो । मन्त्रालयले मंगलबार नै समितिमा पत्र पठाएर १६ दिनसम्म मात्रै सीसीटीभी फुटेज स्टोरेज हुने बतायो । छानबिन समितिका सचिव सुरेन्द्र अर्यालले गृह मन्त्रालयबाट १६ दिनसम्म मात्रै सीसीटीभी फुटेजको स्टोरेज रहने जवाफ आएको जानकारी दिए । एकातिर रिकभर भएको फुटेजमा अनधिकृत व्यक्तिको संलग्नताबारे प्रष्ट प्रमाण जुटेन भने अर्कातिर गृह मन्त्रालयले '१६ दिनपछि क्रमशः पहिलेका फुटेज डिलिट हुने र नयाँ स्टोरेज हुँदै जाने' आशयको पत्र पठाएपछि समिति थप अध्ययन नगर्ने निष्कर्षमा पुगेको छ। अहिलेसम्म भएका अध्ययनका आधारमा निर्णय गर्न प्रतिवेदन लेखनको प्रारम्भिक काम सुरु भएको छ। भोलि विहान ११ बजे बस्ने बैठकमा समिति सचिवालयलाई मस्यौदा पेश गर्न भनिएको छ। तर अनौपचारिक सम्वाद गर्दा समितिका सदस्यहरु अनधिकृत व्यक्तिको संलग्नताबारे यथेष्ट प्रमाण भेटिएन भन्ने निष्कर्षमा पुगेको पाइन्छ । संसदीय विशेष समिति सदस्यहरुबीच अब थप समय नमाग्ने र सहमतिमै प्रतिवेदन लेख्ने अनौपचारिक सहमति भएको छ । तर प्रतिवेदनको निष्कर्ष खण्डमा प्रयोग हुने भाषाका विषयमा भने सत्तारुढ र प्रतिपक्षी दलहरुको आ-आफ्नो रणनीति देखिन्छ । सत्तारुढ दलहरु 'सबै पक्षसँग गरिएका सोधपुछ र संकलन गरिएका स्रोतहरुमा जेठ १४ गते राति अनधिकृत व्यक्ति

*(बाँकी अन्तिम पेजमा)*

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
शुभम सन्देश
National DAILY दैनिक

Wednesday 27 July. 2022

| | | |
|---|---|---|
| प्रकाशक | : | रामबाबु प्रसाद मेहता |
| प्रधान सम्पादक | : | अजय कुमार |
| सम्पादक | : | सरोज कुमार सिंह |
| समाचार सम्पादक | : | तिवारी यादव |
| प्रबन्धक | : | मुकेश कुमार महतो |
| कानुनी सल्लाहकारः | | परमहंस केशरी |
| अधिवक्ता | : | राजेन्द्र कुशवाहा |
| मुद्रक | : | बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा |
| ईमेल | : | subhamsandeshdaily@gmail.com |
| सम्पर्क नम्बर | : | ९८४५२१७३२९, ९८५५०४५५५२, ०५३५२१४९७ |
| प्रधान कार्यालय | : | सिम्रौनगढ नपा ६, बारा |
| सम्पर्क कार्यालय | : | कलैया उमनपा १ (मोतिवाग), बारा |

# महाकवि मन्त्रीको भाषिक राष्ट्रवाद

*राजेन्द्र महर्जन*

राजा त्रिभुवनले २०११ वैशाखमा बनाएको दोस्रो सल्लाहकार सभामा लक्ष्मीप्रसाद देवकोटा दोस्रो पटक पनि सभासद् मनोनीत भएका थिए । संसद्को अधिकारसहित बनाइएको सभामा उनी सभासद् मात्रै होइन, विरोधी दलका नेतासमेत भएका थिए । १०६ सदस्यीय सभामा मधेशका सभासद्ले हिन्दीमा मत व्यक्त गर्न पाउनुपर्ने जिकिर गरे । त्यस बेलासम्म मधेशमा शिक्षादीक्षाको माध्यम हिन्दी भएकाले पठित व्यक्तिहरूलाई पनि खस नेपाली भाषा बोल्न आउँदैनथ्यो, बोल्न सक्ने नै हुँदा पनि सभामा अनिवार्य गरिसकिएको पनि थिएन । यस्तो अवस्थामा सभामा अभिव्यक्तिको भाषा नेपाली नै तोक्ने हो भने पनि समस्या हुने भयो । कुलचन्द्र कोइराला ( 'देवकोटाको राजनीतिक चिन्तन र कालो ओभरकोट,' गरिमा, वर्ष ७ अंक ११ पूर्णांक ८३, पृ. ५०–५४, २०४६ कात्तिक) का अनुसार, राष्ट्रभाषाको कुरामा सभा बहिष्कार गरेका मधेशका प्रतिनिधिहरूको भनाइ थियो, 'नेपालमा संविधान बनेको छैन राष्ट्रभाषा के हुनुपर्छ र उपभाषाका रूपमा कुन भाषाले स्थान पाउनुपर्छ, त्यो संविधानले निर्णय गर्ने कुरा हो । अन्तरिम संविधान कामचलाउ हो, त्यसको आधारमा जटिल प्रश्न लादिनु हुँदैन ।'

*सभासद् देवकोटाको आक्रोश*

दुई दिनको विवादपछि नेपालीमै बोल्न अभ्यास गर्नुपर्ने र बोल्न नजानेसम्म हिन्दीमा व्यक्तसम्म गर्न पाउने तथा सभाको कारबाही, प्रस्ताव, प्रश्न, विधेयक आदि नेपालीमै हुनुपर्ने गरी समस्या सुल्झाउने चेष्टा गरियो । नेपाली भाषाका कट्टर पक्षपाती देवकोटालाई यस्तो बीचबचाउको सरकारी नीति पटक्कै मन परेन । उनी जुरुक्क उठेर अध्यक्षसँग अनुमति माग्दै अंग्रेजीमा गडगडाए । सदस्यहरूको व्यवधान र अध्यक्षको रुलिङलाई बेवास्ता गर्दै अंग्रेजीमै भाषण जारी राखे । उनको तर्क थियो, 'हिन्दी, एउटा देशको अर्ध–राष्ट्रभाषामा नेपालमा बोल्न छुट पाइन्छ भने अन्तर्राष्ट्रिय भाषाको रूपमा मान्यताप्राप्त अंग्रेजी किन बोल्न नपाइने ? हिन्दी राष्ट्रभाषा भन्ने मुलुकका समस्त कारोबार अंग्रेजीमा हुन्छन्, राष्ट्रसंघमा अंग्रेजी बोलिन्छ, भारतको संसदीय भाषा अंग्रेजी छ, हिन्दी कुन जाति र कुन क्षेत्रको मातृभाषा हो, मलाई बताइदिनुपर्‍यो । हामी अधिकांश सदस्य हिन्दी बुझ्दैनौं, तर यहाँ एक–दुई जना व्यक्ति छाडेर अंग्रेजी नजान्ने सदस्य म कोही देख्तिनँ ।' यस्तो हंगामा भएपछि प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले बल्लतल्ल देवकोटा नेतृत्वको विरोधी बेन्चलाई साम्य पारे, मधेशका प्रतिनिधिले अर्को सदनसम्म नेपाली बोल्न सिकेर अभिमत व्यक्त गर्ने गरी । अनुहार नै रातोपिरो हुने गरी आक्रोशित मुद्रामा बोलेका देवकोटाको खरो मत थियो, 'प्रजातन्त्र आओस् भन्ने व्यक्ति म पनि हुँ । किन्तु, स्वतन्त्रताले पहिले मेरो भाषामा नै छुरी हान्छ भन्ने के थाहा !... नेपाली भाषाप्रति कसैले अनादर, उपेक्षा गर्‍यो भने मेरो पारा चढ्छ । गुम हुन्छन् अनि मेरा सोच्ने इन्द्रियहरू । म जे पनि गर्न सक्छु त्यस बेला ।' हिन्दी विवादको प्रभाव र आफ्नो भाषाप्रति मोहले देवकोटालाई कति हदसम्म आक्रोशित र आक्रामक बनाएको थियो, २०१२ असारमा ठूलो एकादशीका दिन पशुपतिमा 'गोर्खा व्याकरणबोध' का लेखक एवं राणाकालदेखिका प्रशासक विश्वमणि आचार्य दीक्षितलाई झन्डै हातपात गरेको घटनामा पनि देख्न पाइन्छ । जनकलाल शर्मा ('महाकवि देवकोटा : एक व्यक्तित्व दुई रचना,' पृ. ६२–६३, साझा प्रकाशन, २०३२) का अनुसार, 'प्रगति' पत्रिकाको ग्राहक बन्न गरिएको अनुरोधमा आचार्य दीक्षितले 'नेपाली बाँच्तैन, हिन्दीले राज गर्दछ' भनेको सुन्नासाथ रिसले धामी कामेझैं काम्न लागेका देवकोटाको हात उनको कठालोतिर झन्डै पुगेको थियो र पुलिसको गोर्खेलौरी खोसेर झन्डै बूढाको टाउको फोरेका थिए । त्यसपछि 'भूतको झटारो' कविता लेख्दै देवकोटाले 'मातृभाषा मर्दछिन्, नेपाली बाँच्दैन कहिल्यै, हिन्दीले राज गर्दछिन्' भन्नेलाई 'देश–धमिरा र मुर्दा' भन्दै थुकेका थिए ।

*भाषिक राजनीतिमा देवकोटा*

भारतमै अंग्रेजी भाषा–साहित्यमा उच्च शिक्षा हासिल गरेका सभासद् देवकोटामा आफ्नो मातृभाषाप्रति अधिक मोह र अरू भाषा–भाषीबारे भ्रम रहेको देखिन्छ । एक, हिन्दीलाई भारतको राष्ट्रभाषा ठान्ने । जबकि भारतीय संविधानमा कुनै राष्ट्रभाषा तोकिएको छैन, हिन्दीसँगै अन्य केही भाषालाई आधिकारिक भाषाका रूपमा अनुसूचित मात्रै गरिएको छ । दुई, नेपालमा हिन्दीको अस्तित्व नकार्ने । २००९–११ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या चौरासी लाख त्रिहत्तर हजारमध्ये एक प्रतिशत अर्थात् असी हजार नेपालीको मातृभाषा र उनान्सत्तरी हजार नेपालीको दोस्रो भाषा हिन्दी थियो । तीन, पहिले खस, पर्वते, गोर्खाली भनिने नेपाली भाषालाई मात्रै राष्ट्रभाषा मान्ने । देवकोटा सभासद् हुनुभन्दा करिब साढे दुई दशकअघि मात्रै 'नेपाली' भाषा नामकरण गरिएको गोर्खाली भाषालाई संवैधानिक रूपमा राष्ट्रभाषाको दर्जा दिने काम उनको दुःखद देहान्तभन्दा एक वर्षअघि २०१५ सालमा मात्रै गरिएको थियो । नेपाली भाषालाई शैक्षिक र प्रशासनिक माध्यम भाषाका रूपमा, राष्ट्रभाषाका रूपमा पनि तोक्न बाँकी रहेकै अवस्थामा देवकोटासँगै तत्कालीन सरकारले सल्लाहकार सभामा जसरी अन्य भाषा र भाषीविरुद्ध भाषिक अहंकार ( सौभिनिजम) प्रदर्शन गरेको देखियो, त्यसले नेपाली राज्य, समाज र जनताको समग्र जीवनलाई दीर्घकालीन प्रभाव पार्ने स्पष्ट संकेत दिएको पाइन्छ । साधारणतया हामी नेपाली भाषाका महाकवि मानिने लक्ष्मीप्रसाद

(बाँकी तेश्रो पेजमा)

# राजपाक्षे परिवारको स्वार्थले डुबेको श्रीलंका

*कटक मल्ल*

संयोग भनौं वा नियमितता, स्विडेनमा संयुक्त राष्ट्रसंघको पहिलो र ऐतिहासिक 'मानव पर्यावरण सम्बन्धी स्टकहोम सम्मेलन–१९७२' को ५०+ वार्षिकोत्सव मनाइँदै गर्दा नेपालको सर्वोच्च अदालतले बाराको निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउनेबारे सरकारका सबै निर्णय बदर गरिदियो । सर्वोच्च अदालतले सार्वजनिक गरेको (२०७९ असार १५) फैसलामा 'स्टकहोम–१९७२' घोषणा उल्लेख छ । स्टकहोम सम्मेलनमा स्विडेनका पूर्वप्रधानमन्त्री ओलोफ पाल्मेले पर्यावरणीय विनाश ( इकोसाइड) सम्बन्धी दण्डहीनता अन्त्य गर्न अन्तर्राष्ट्रिय कानुनको आवश्यकताको तर्क गरेका थिए । अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा नरसंहार (जेनोसाइड) स्पष्ट रूपमा गैरकानुनी छ । स्टकहोम ५०+ उत्सव मनाउँदा पर्यावरणीय विनाशबारे छलफल भएको थियो । नरसंहार निषेध गर्ने कानुनी अवधारणासरह पर्यावरणीय विनाशलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकारमा ल्याउने प्रयास जारी छ । ब्राजिलको आदिवासी संगठनले अन्तर्राष्ट्रिय फौजदारी अदालतसँग राष्ट्रपति जैर बोल्सोनारोविरुद्ध नरसंहार र इकोसाइडको अनुसन्धान गर्न आग्रह ( जुन २०२१) गरेको छ । विगत ५०+ वर्षहरूमा विकसित पर्यावरणीय संरक्षण र मानव अधिकारको दृष्टिकोणबाट अन्तर्राष्ट्रिय कानुन र विधिको शासनमा हासिल गरिएका यी सिद्धान्तहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय वातावरणीय कानुनका बाध्यकारी स्रोत हुन् । स्टकहोम सम्मेलनपछि सम्पन्न भएका ३,००० भन्दा बढी (द्विपक्षीय र बहुपक्षीय) अन्तर्राष्ट्रिय वातावरणीय सन्धिहरूसँग यी सिद्धान्तहरू सान्दर्भिक छन् । वातावरणीय कानुनका सबै सान्दर्भिक सिद्धान्तहरूलाई ध्यानमा राखेर कानुन व्यवसायी, न्यायाधीश, कानुन शिक्षक र विद्यार्थीहरूले वातावरण संरक्षणका मुद्दाहरू सम्बन्धी अध्ययन, अध्यापन, छलफल र निर्णय गर्नुपर्ने हुन्छ । एक ठाउँ (अवस्था) मा प्रयोग गरिएको दिगो सन्तुलित समाधान अर्को अवस्थामा उपयुक्त नहुन सक्छ । त्यसैले वातावरणीय मुद्दा सम्बन्धी निर्णय अन्य मुद्दाको भन्दा थप जटिल हुन्छ । प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सर्वोच्च अदालतले निजगढ फैसलामा अन्तर्राष्ट्रिय वातावरणीय कानुनका सिद्धान्तहरू उल्लेख गरेको छ । निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने सम्बन्धमा सर्वोच्च अदालतका न्यायाधीशहरू ईश्वर खतिवडा, विश्वम्भरप्रसाद श्रेष्ठ र प्रकाशमानसिंह राउतबाट गरिएको बहुमतको फैसलामा 'वन विनाश' बाट पर्यावरणीय हानि ( सिग्निफिकेन्ट हार्म) भएको उल्लेख छ । यद्यपि इकोसाइडबारे उल्लेख गरिएको छैन । बहुमतको फैसलामा 'न्यून क्षति' (मिनिमम हार्म)) र प्राविधिक दृष्टिले उपयुक्त (टेक्निकल्ली एप्रोप्रेट) स्थानमा विमानस्थल निर्माण गर्न आदेश गरिएको छ । तर यस आदेशबाट पनि इकोसाइड सम्बन्धी दण्डहीनताको तत्काल अन्त्य हुन्छ भनी आशा गर्न सकिन्न । सर्वोच्च अदालतले पूर्ण फैसला जारी गरेपछि प्रधानमन्त्री शेरबहादुर देउवाले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणलाई तीव्रता दिन निर्देशन दिएका छन् । यस लेखमा निजगढ फैसलालाई सरकारले कसरी पालना गर्न सक्छ र गर्नैपर्छ भन्नेबारे चर्चा गरिनेछ ।

*बहुमतको फैसला र असहमतिको राय*

वातावरण (वनजंगल) सम्बन्धी मुद्दाहरूलाई तार्किक निष्कर्षमा पुर्‍याउन न्यायाधीशहरूले वातावरणीय कानुनका सबै महत्त्वपूर्ण सिद्धान्तहरू विश्लेषण गर्नुपर्छ । सान्दर्भिक सिद्धान्तहरूलाई बेवास्ता गरेर विकासको अधिकार मात्र छनोट गर्न हुँदैन । न्यायाधीश ईश्वर खतिवडाले लेखेको र न्यायाधीशद्वय विश्वम्भरप्रसाद श्रेष्ठ र प्रकाशमानसिंह राउतले सम्मति जनाएको बहुमतको फैसलामा न्यून क्षति (एप्रिसेबल हार्मको सट्टा मिनिमम हार्म) उल्लेख भएकाले र प्राविधिक दृष्टिले उपयुक्त स्थानमा निर्माण गर्न आदेश दिइएकाले निजगढ विमानस्थल उपयुक्त छैन भनी बुझ्नुपर्छ । न्यायाधीश हरिकृष्ण कार्कीले लेखेको 'असहमतिको राय' मा न्यायाधीश मनोजकुमार शर्माले सम्मति जनाएका छन् । बहुमतको निर्णय नै वास्तविक निर्णय हो तापनि असहमतिको राय अनुसार निजगढमै न्यून क्षति हुने गरी विमानस्थल निर्माणको विकल्प खोज्न भनिएकाले समस्या समाधान गर्न खोजिएको यो निर्णय आफैं विवादास्पद बन्ने सम्भावना छ । बहुमतको फैसलामा असहमत न्यायाधीशद्वय हरिकृष्ण कार्की र मनोजकुमार शर्माले निजगढमै विकल्प खोज्नुपर्ने राय लेखेका छन् । अदालतको बहुमतीय निर्णयमाथि अल्पमतको निर्णय हावी हुने देखिन्छ । तर त्यसो हुनु हुँदैन, र त्यसो गर्न मिल्दैन । निवेदक र प्रत्यार्थीका तर्फबाट धेरै तर्क र तथ्य उल्लेख गरिएका भए पनि बहुमतको फैसला र असहमतिको रायमा उल्लिखित आदेशका विषयहरू विश्लेषणका लागि महत्त्वपूर्ण छन् । आदेशका केही विषयमा आएका अल्पमत र बहुमतमा तीव्र भिन्नता छ । उदाहरणका लागि, बहुमतीय निर्णयले विमानस्थल निर्माणका लागि रूखहरू काटिनुले वातावरणमा 'ठूलो क्षति' भएको ठहर गरेको छ । असहमत न्यायाधीशहरूको राय सरकारका लागि व्यावहारिक हुन सक्छ तर यसले खतरनाक प्रवृत्ति सृजना गर्न सक्छ किनभने निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल परियोजनाले पहिले नै हानि पुर्‍याइसकेको छ । राष्ट्रिय प्राकृतिक रिजर्भ पार्क बनाउनुपर्ने जस्तो निजगढमा उचित मूल्यांकन नगरी सरकारले परियोजना सञ्चालन गर्न (वन) वातावरण नष्ट गर्‍यो, र अदालतमा मुद्दा पर्‍यो । त्यसउपर बहुसंख्यक न्यायाधीशहरूले क्षति पहिले नै भइसकेको घोषणा गरे र अल्पसंख्यक न्यायाधीशले यो परियोजनामा पहिले नै भइसकेको खर्चको मात्रा देखाउँदै विमानस्थल सोही ठाउँमा बनाउन वैकल्पिक सुझाव दिएरु। कतै यो विडम्बना भविष्यमा फेरि दोहोरिने हो कि ? असहमतिको राय ( आदेश) मा वातावरणको अखण्डता ( इकोलोजिकल इन्टेग्रिटी) लाई बेवास्ता गरिएको छ । किनभने निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने मुद्दा वन मात्र नभई सम्पूर्ण जैविक विविधता र वनले वायुमण्डलबाट कार्बन उत्सर्जनलाई सोस्ने क्षमतासँग सम्बन्धित छ । विमानस्थल बनाउन पहिले नै भइसकेको खर्च र काटिएका रूखहरूको लागतबीचको सन्तुलनलाई बेवास्ता गरिएको छ । दुई न्यायाधीशको असहमतिको तर्क छ : 'विमानस्थल निर्माणका लागि रूखबिरुवा काट्नुपर्ने अवस्था देखिएमा वनक्षेत्रभित्रका काटिएका रूखहरूको परिपूरणका लागि स्थान पहिचान गरी प्रचलित कानुनबमोजिम र तोकिएको मापदण्ड अनुरूप नयाँ रूखबिरुवा रोप्ने, संरक्षण गर्ने र हुर्काउनेसमेतको व्यवस्था गर्नू ।' कुन प्राविधिक आधारमा यो तर्क गरिएको हो, स्पष्ट छैन । सरकारको विगतको कामको मूल्यांकन गर्दा 'नयाँ रूखबिरुवा रोप्ने, संरक्षण गर्ने र हुर्काउनेसमेतको व्यवस्था गर्नू' भन्ने आदेश साँच्चै कार्यान्वयन होला र ? उक्त क्षेत्रको जंगल चार–पाँच सय वर्ष पुरानो भनिएको छ । अन्य ठाउँमा रूख रोपेर उक्त क्षेत्रको वनको क्षतिपूर्ति सम्भव छ ? 'वन विनाशबाट उत्सर्जन घटाउने' (आरईडीडी) रेड+ ले वन संरक्षण, दिगो व्यवस्थापन र वन कार्बन स्टकको वृद्धिको भूमिकालाई जनाउँछ । असहमत न्यायाधीशहरूले रेड+ लाई बेवास्ता गरेका छन् ।

*वातावरणीय युगको सुरुआतदेखि नाइन प्लानेटरी बाउन्ड्रिजसम्म*

सुरुमै भनियो, निजगढ फैसलामा सर्वोच्च अदालतले 'स्टकहोम घोषणा–१९७२' उल्लेख गरेको छ । स्टकहोम घोषणाबाटै वातावरणीय युगको उदय र कानुनका आधारभूत सिद्धान्तहरूको प्रवर्द्धनको पनि सुरुआत भएको हो । पर्यावरणीय विषयहरू केन्द्रित स्टकहोम घोषणाका २६ सिद्धान्तसँगै औद्योगिक र विकासशील देशहरूबीच आर्थिक वृद्धि, वायु, पानी, महासागर र इनारको प्रदूषणबीचको सम्बन्धको अवधारणा आयोरु। वातावरणको अधिकार र प्राकृतिक स्रोतको व्यवस्थापन, वन्यजन्तुको संरक्षण, प्रदूषण रोकथाम र नियन्त्रण, प्राकृतिक प्रकोप, मानव बसोबास, विज्ञान र प्रविधिको प्रयोग, अरूलाई हानि नदिई स्रोतसाधन प्रयोग गर्ने राज्यको सार्वभौम अधिकार, अन्तर्राष्ट्रिय सहयोग, आणविक हतियार माथि प्रतिबन्धका सिद्धान्तहरूलाई स्टकहोम घोषणाद्वारा स्वीकार गरिएको थियो । साथै, स्टकहोम घोषणामा उल्लेख नभए पनि अहिले 'पर्यावरणीय लोकतन्त्र' सामाजिक न्यायको हिस्सा बनेको छ । उदाहरणका लागि, वातावरणीय लोकतन्त्र अन्तर्गत सूचनामा पहुँच, जनसहभागिता र न्यायमा पहुँच हुनुपर्छ । यसका अतिरिक्त पृथ्वी र माटो लोकतन्त्र (अर्थ एन्ड सोइल डेमोक्रेसी) को विचार दिगो विकाससँग सम्बन्धित छ । सही उद्देश्यका बावजुद स्टकहोम घोषणा 'जैविक विविधता संरक्षण' र 'वातावरणीय अखण्डता' (बायोस्फियर–इकोसेन्ट्रिक) को सट्टा मानवकेन्द्रित (एन्थ्रोपोसेन्ट्रिक) थियो । रियो सम्मेलन–१९९२ (एजेन्डा २१) मा वातावरणीय अखण्डताको सिद्धान्तलाई स्वीकार गरियो । हालैका वर्षहरूमा वैज्ञानिकहरूले दिगो विकासको सन्दर्भ नौवटा ग्रह (नाइन प्लानेटरी बाउन्ड्रिज) को सुरक्षाका लागि महत्त्वपूर्ण रहेको प्रमाणित गरेका छन् । यी नौ सीमा हुन् : जलवायु परिवर्तन, जैविक अखण्डता, भूमि प्रणाली परिवर्तन, पानीको प्रयोग, जैव–रासायनिक प्रवाह (नाइट्रोजन र फस्फोरस), महासागर अम्लीयकरण, वायुमण्डलीय एयरोसोल प्रदूषण, स्ट्र्याटोस्फेरिक ओजोन र रिलिज रसायन । राज्य सीमाहरू अझै पनि मूल्यवान् छन् तर ग्रहका सीमाहरू बढ्दो रूपमा महत्त्वपूर्ण हुँदै गइरहेका छन् किनभने 'पर्यावरण अखण्डता' नौ ग्रह सीमाहरूको संरक्षणमा निर्भर छ । ग्रह सीमा पर्यावरण संरक्षण पृथ्वीको जैविक क्षेत्रको सुरक्षाका लागि महत्त्वपूर्ण छ जहाँ जीवन (जैविक विविधता) हुन्छ ।

*न्यायाधीश विरमन्ट्रीको 'दिगो विकास' व्याख्या*

विकास परियोजनाको स्थिति निर्धारण गर्न अन्तर्राष्ट्रिय अदालतका न्यायाधीशहरूले स्लोभाकिया विरुद्ध हंगेरी (सन् १९९७, गब्ची कोवो–नागिमरोस परियोजना सम्बन्धी) मुद्दामा आफ्नो न्यायिक कार्य पूरा गर्न पहिलो ऐतिहासिक 'स्थलगत भ्रमण' गरेका थिए र त्यसैले यो अन्तर्राष्ट्रिय न्यायविद्हरूका लागि विशेष चासोको अवसर थियोरु। अन्तर्राष्ट्रिय अदालतका तत्कालीन उपसभापति श्रीलंकाका न्यायाधीश क्रिस्टोफर विरमन्ट्रीले स्लोभाकियाविरुद्ध हंगेरी मुद्दामा फरक मतद्वारा 'दिगो विकास' लाई कानुनी रूपमा पहिलो पटक व्याख्या गरेरु। न्यायाधीश विरमन्ट्रीको फरक मतले दिगो विकास अन्तर्राष्ट्रिय कानुनको बाध्यकारी सिद्धान्तको आधार बनेको छरु। विरमन्ट्री मतलाई निजगढ सम्बन्धी बहुमतीय फैसला र असहमत जनाउने न्यायाधीशहरूले विश्लेषण गरेका छैनन् । 'विश्व वातावरण आयोगको प्रतिवेदन र विकास : हाम्रो साझा भविष्य' ( ब्रुन्द्त्लैंड कमिसन रिपोर्ट १९८७) ले वर्तमान आवश्यकताहरू पूरा गर्न आउने पुस्ताको आवश्यकता ध्यानमा राख्दै गरिने कार्यलाई दिगो विकास भनेर परिभाषित गरेको थियो, जुन निजगढ फैसलामा उल्लेख छ । विरमन्ट्रीको मत किन महत्त्वपूर्ण छ भने, सन् १९९७ सम्म दिगो विकास 'नरम कानुन' ( सफ्ट ल) मानिन्थ्यो । विरमन्ट्रीको त्यो फरक मत उप्रान्त दिगो विकास आधुनिक अन्तर्राष्ट्रिय कानुनका सबैभन्दा पुराना सैद्धान्तिक विचारहरूमध्ये एक हो भनी स्वीकार गरिएको छ । मानवीय अनुभवबाट पाउन सकिने अन्तर्दृष्टिले भरिएको दिगो विकासको अन्तर्राष्ट्रिय कानुनको सेवामा महत्त्वपूर्ण भूमिका छ र यसलाई एउटा अन्तर्राष्ट्रिय मान्यता (बन्डिङ नर्म) स्वीकार गरिएको छ । धेरै न्यायविद् नरम कानुनलाई बाध्यकारी नभएको कानुनका रूपमा परिभाषित गर्छन्, जुन मेरो विचारमा गलत परिभाषा हो । नरम कानुन र बाध्यकारी कानुनबीच एउटा मात्र फरक छ र त्यो हो : नरम कानुनमा 'अन्तर्निर्मित कार्यान्वयन संयन्त्र' को अभाव हुन्छ । बाध्यकारी कानुनका लागि अन्तर्निर्मित कार्यान्वयन संयन्त्र हुन्छरु। तर नरम कानुनको मतलब उल्लंघन गर्नुपर्ने कानुनचाहिँ होइनरु। संसारका धेरै राष्ट्रिय अदालतहरूले दिगो विकासलाई कानुनी सिद्धान्तका रूपमा मान्यता दिएका छन् र यसलाई व्यवहारमा उतार्न थालेका छन् । नेपाल सरकार, विशेष गरी प्रधानमन्त्री निजगढ सम्बन्धी फैसला पालना गर्न संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्यहरूप्रति सचेत हुने अपेक्षा गरिएको छ । संयुक्त राष्ट्रसंघद्वारा निर्धारित दिगो विकास लक्ष्यहरू १७ वटा छन्, जुन हुन् : गरिबी र भोकको अन्त्य, स्वास्थ्य र कल्याण, गुणस्तरीय शिक्षा, लैंगिक समानता, सफा पानी र सरसफाइ, स्वच्छ ऊर्जा, आर्थिक वृद्धि, उद्योग र पूर्वाधार, असमानता निर्मूल, दिगो सहर र समुदायहरू, जिम्मेवार उपभोग र उत्पादन, जलवायु, समुद्री जैविक विविधता, भूमि जैविक विविधता, शान्ति र न्याय लक्ष्य हासिल गर्न साझेदारीहरू । यस सन्दर्भमा लैंगिक समानता र गुणस्तरीय शिक्षा लगायतका सबै राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनहरू यी लक्ष्यहरूभित्र पर्दछन् । दिगो विकासको अवधारणाले राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनलाई जोडेको छ । सबै नियम प्राकृतिक वातावरणको अंश बनेका छन् । दिगो विकास सिद्धान्तका अतिरिक्त निम्न सिद्धान्तहरू लगभग सबै प्रकारका वातावरणीय मुद्दाहरूमा लागू हुनछन् ।

*निवारकको सिद्धान्त*

पर्यावरण संरक्षणका लागि विकास–निर्माणसम्बन्धी निर्णयहरूको सम्भावित परिणामलाई ख्याल गर्नुपर्छ । यसलाई 'रोकथाम सिद्धान्त' पनि भनिन्छ । जोखिमपूर्ण फोहोरमैलाको उत्पादन, ढुवानी, प्रशोधन, भण्डारण र विसर्जनलाई नियमन गर्ने कानुनका साथै कीटनाशक औषधिको प्रयोगलाई नियमन गर्ने कानुनहरूका पछाडिको मूल धारणा रोकथाम सिद्धान्त हो । यो सिद्धान्त खतरनाक फोहोरको उत्पादनलाई न्यूनीकरण गर्न र गैरकानुनी फोहोर फाल्नेविरुद्ध लड्न

(बाँकी तेश्रो पेजमा)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक



# राजपाक्षे परिवारको....

खोज्ने बासेल कन्भेन्सन अफ द कन्ट्रोल अफ हाजर्डस वेस्ट र तिनीहरूको डिस्पोजल (सन् १९८९) को आधार थियो । रूख काट्नुअघि वातावरण, प्राकृतिक वन्यजन्तु बासस्थान र जैविक विविधताको संरक्षणका लागि रोकथामका उपायहरू अवलम्बन गर्नुपर्छ । परियोजना विकासको सुरुआती चरणमा वातावरण संरक्षणको कार्य गर्नुपर्ने हुन्छ । अर्थात्, क्षति भइसकेपछि मर्मत गर्ने मात्र होइन, क्षतिहरूलाई रोक्ने पनि गर्नुपर्छ । स्टकहोम घोषणा–१९७२, सिद्धान्त–२१ प्राकृतिक स्रोतहरू सावधानीपूर्वक प्रयोग गर्नुपर्ने सिद्धान्त 'ट्रेल स्मेल्टर आर्बिट्रेसन अवार्ड–१९४१' मा आधारित छ । पछि यसलाई रियो घोषणा–१९९२ को सिद्धान्त–२ मा समावेश गरियो । वर्तमान समयमा कुनै पनि विकास आयोजना सुरु गर्नुअघि रोकथामका उपायहरू अवलम्बन गर्नु राज्यको बाध्यकारी दायित्व हो । नेपाल सरकार निजगढमा यो दायित्व कार्यान्वयन गर्न असफल भएको छ ।

### पर्यावरणीय क्षति गर्न नपाइने

कुनै विकास परियोजना सञ्चालन गर्न अनुमति दिने वा निषेध गर्ने भन्ने निर्धारण गर्दा 'दिगो विकासको कानुनी सिद्धान्त' ध्यानमा राख्नुपर्छ । दिगो विकासको आधारभूत नियम अन्तर्गत विनाशकारी क्षति ( सिग्निफिकेन्ट हार्म) गर्ने, (वा सम्भावना भएको) कुनै पनि आयोजनालाई अनुमति दिन हुँदैन । अर्थात्, 'विनाशकारी क्षति' के हो भन्ने 'क्षति मापन' गरी निर्णय गर्नुपर्छ । क्षतिको मापन विज्ञहरूले गर्नुपर्छ, वकिल वा न्यायाधीशहरूले होइन, जसका लागि योजना अघि र परियोजना कार्यान्वयनपछि निष्पक्ष विज्ञहरूद्वारा वातावरणीय प्रभाव मूल्यांकन आवश्यक हुन्छ । विशेष गरी आयोजना गतिविधि र हानिबीचको कारण कारणको शृंखला निर्धारण गर्न आवश्यक हुन्छ । अन्तर्राष्ट्रिय कानुन आयोग महासभा प्रतिवेदन–२००१ अनुसार, गलत कार्यहरूका लागि राज्य सम्बन्धी दायित्व स्थापित गर्न गलत कार्यको पहिचान आवश्यक छ । संरक्षणाको साथ भौगोलिक, हाइड्रोग्राफिक, हाइड्रोलोजिकल, जलवायु, पारिस्थितिक र प्राकृतिक चरित्रका अन्य कारकसहित प्रासंगिक कारक र परिस्थितिहरू र सामाजिक–आर्थिक आवश्यकताहरूलाई ध्यानमा राखी आयोजनाको विकास र कार्यान्वयन गर्नुपर्छ । ठूलो क्षति हुन नदिन राज्यले उचित कदम चाल्नुपर्छ । निजगढको वनमा भएको क्षतिको जिम्मेवार को ? न्यायाधीशहरूले स्पष्ट पार्नुपर्थ्यो ।

### अन्तरपुस्ताको समानताको सिद्धान्त

वन संरक्षण अन्तरपुस्ता ( भावी पुस्ता) को अधिकार सुनिश्चित गर्ने एउटा उत्कृष्ट उदाहरण हो । वातावरण संरक्षण भनेको प्रकृतिलाई वर्तमानदेखि भावी पुस्तासँग जोड्ने कुरा हो । वातावरण वर्तमान पुस्ताले भावी पुस्तालाई सुरक्षित अवस्थामा हस्तान्तरण गर्नुपर्छ । यही कारण दिगो विकासलाई यस सन्दर्भमा परिभाषित गरिएको छ । चार–पाँच सय वर्ष पुरानो वन काटेर भावी पुस्ताको अधिकार कसरी सुनिश्चित गर्ने ? अन्तरपुस्ताको समानताको व्यापक सिद्धान्त विश्वव्यापी वातावरणीय शासनका लागि प्रभावकारी र उपयुक्त कानुनी रूपरेखा होरु यस सिद्धान्तले मानवको वर्तमान पुस्तालाई विगतका पुस्ताहरूबाट हस्तान्तरण गरिएको विरासतका लाभहरू र भविष्यका ट्रस्टीहरूका रूपमा प्रस्तुत, अधिकार र उत्तरदायित्वको भाषालाई एकीकृत गर्दछ । नेपाल सरकार निजगढमा यो दायित्व कार्यान्वयन गर्न पनि असफल भएको छ ।

### सावधानी सिद्धान्त (डिउ डेल्लिजेन्स)

जहाँ वातावरणीय जोखिमबारे वैज्ञानिक अनिश्चितता छ, त्यहाँ सावधानी सिद्धान्तले सुरक्षात्मक उपायहरू लिन अनुमति दिन्छ । सन् १९९९ मा अस्ट्रेलिया र न्युजिल्यान्डले ब्लुफिन टुना माछा मारेको आरोपमा जापानविरुद्ध मुद्दामा सावधानीका सिद्धान्तहरू आह्वान गरेका थिए । तर्कसंगत व्यक्ति (वा, प्रधानमन्त्री र मन्त्रिपरिषद्) ले निर्णयको नतिजा थाहा पाएर सावधानी निर्णय गर्ने अपेक्षा गरिन्छ । नेपाल सरकारले भविष्यमा कुनै पनि विकास आयोजना बनाउँदा र कार्यान्वयन गर्दा यो सिद्धान्त प्रयोग गर्नुपर्छ । सावधानीको सिद्धान्त अनुसार, वातावरणीय वा मानव स्वास्थ्य जोखिमबारे वैज्ञानिक प्रमाण अनिश्चित छ तर जोखिम उच्च छ भने निर्णयकर्ताले सावधानी पालन गर्नुपर्छ । रियो घोषणा–१९९२ को सिद्धान्त–१५ अनुसार, 'गम्भीर वा अपरिवर्तनीय क्षतिका खतराहरू छन् भने पूर्ण वैज्ञानिक निश्चितताको अभावलाई वातावरणीय ह्रास रोक्ने उपायहरू स्थगित गर्ने कारकका रूपमा प्रयोग गरिनेछैन ।' विकास परियोजनाका लागि योजना बनाउँदा निर्णयकर्ताहरूले परियोजनाको नतिजा वा सम्भावित परिणामबारे पनि विचार गर्नुपर्दछ । परियोजना विकासका क्रममा र परियोजनापछिका परिणामहरूका लागि आवश्यक उपाय अवलम्बन गर्नुपर्छ (नेपाल सरकारले निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको योजना बनाउँदा आफ्नो निर्णय अदालतबाट बदर हुन सक्छ भन्नेबारे सोचेको थिएन ?) । उचित सचेतना ( डिउ डेल्लिजेन्स) राज्य वा व्यक्तिहरूको उचित मानक व्यवहारका रूपमा चिनिन्छ । यो सावधानीको सिद्धान्तको अभिन्न तत्त्व पनि हो । वैज्ञानिक अनिश्चितता भएपनि सावधानीका सिद्धान्तहरू लागू गर्नुपर्छ । पूर्ण वैज्ञानिक प्रमाणको पक्षमा रहेकाहरू सावधानी सिद्धान्तको विरुद्धमा छन् । तर वैज्ञानिक प्रमाणको अभावभन्दा विज्ञानलाई बेवास्ता गर्ने राजनीतिक नेताहरूबाट बढी समस्या आइरहेको छ । उदाहरणका लागि, हरितगृह ग्यासको संयुक्त (कार्बन डाइअक्साइड, मिथेन, नाइट्रस अक्साइड, हाइड्रोफ्लोरो कार्बन, सल्फर हेक्साफ्लोराइड, नाइट्रोजन ट्राइफ्लोराइड) प्रभावले जलवायु परिवर्तन भएको हो भन्ने वैज्ञानिक प्रतिवेदनहरू प्रशस्त छन्, तर संसारमा जलवायु परिवर्तनको कारकबारे जानकारी हुँदाहुँदै पनि गम्भीरतासाथ निर्णय नलिने राजनीतिक नेताहरू छन्रु जलवायु परिवर्तनलाई अस्वीकार गर्ने नेताहरू पनि छन् ।

### उपलब्ध उत्तम प्रविधि

वातावरणमा कार्बन उत्सर्जन र यसका प्रभावहरूलाई रोक्न वा न्यूनीकरण गर्न उत्तम प्रविधिहरू उपलब्ध छन् । उड्डयन उद्योगले कार्बन उत्सर्जन कटौती गर्न आवश्यक उपायहरू अपनाउनुपर्छ । जंगली घाँस र रूखहरूका हाँगाबाट स्वच्छ ऊर्जा उत्पादन गर्न सकिन्छ र त्यो जलवायुको दृष्टिकोणबाट अत्यन्त महत्त्वपूर्ण छ । वन व्यवस्थापनका दृष्टिले दिगोपनतर्फ फड्को मार्न प्रविधिले मद्दत गर्छ । उपयुक्त प्रणाली, राम्रो मेसिन र नयाँ उपकरणहरूले केही मद्दत त गर्न सक्छन्, तर आफैंमा दिगोपन सुनिश्चित गर्दैनन् । दिगोपनको खोजीमा प्रविधिको प्रभावकारी परिचालन महत्त्वपूर्ण चुनौती बनेको छ । विकसित देशबाट विकासोन्मुख देशहरूमा प्रविधि हस्तान्तरणलाई धेरै सन्धिद्वारा स्वीकार गरिएको छ तर कुनै पनि देश नवीनतम प्रविधि साझेदारी गर्न तयार देखिँदैन ।

### वातावरणीय प्रभाव मूल्यांकन

बहुमतको फैसलामा न्यायाधीशहरूले वातावरणीय प्रभाव मूल्यांकनबारे गरेको आदेश प्रशंसायोग्य छ । सरकारले यो आदेशलाई गम्भीरतापूर्वक लिनुपर्छ । बहुमतको राय अनुसार, वातावरण प्रभाव मूल्यांकन गर्ने कार्यलाई विधि, पद्धति र प्रक्रिया अनुसार वस्तुगत र विश्वसनीय तुल्याउन आवश्यक छ । 'हवाई उडानको आर्थिक तथा प्राविधिक सम्भाव्यता समेतका कुराहरू सम्बन्धमा वातावरण, वन, वन्यजन्तु, हवाई उडान व्यवस्थापन, अर्थशास्त्री, समाजशास्त्री, प्रशासनविद् लगायत सम्बन्धित विषयगत विज्ञता भएका आवश्यक संख्याका तटस्थ, निष्पक्ष तथा दक्ष विषय–विज्ञहरूको समूहबाट उपलब्ध विकल्पहरूसहित वातावरणीय क्षतिलाई हरसम्भव न्यूनीकरण गर्ने उपाय सरकारले पहिल्याउनुपर्छ । बहुमतको राय अनुसार निर्देशनको सूची निम्नानुसार छ, 'विमानस्थल निर्माण गर्ने स्थलको उपयुक्तता सम्बन्धमा वस्तुगत र तार्किक रूपमा यकिन गरी, छनोट गरिएको स्थानको वातावरण प्रभाव मूल्यांकन कानुनी विधि र प्रकृया अनुसार गराई, विज्ञ समूहबाट राय ठहरसहितको प्रतिवेदन लिई कहाँ, कुन ठाउँको कति क्षेत्रफल जग्गामा कति क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्नुपर्ने हो भन्ने कुरा यकिन गरी न्यूनतम रूपमा मात्र वातावरणीय क्षति हुने तथा प्राविधिक दृष्टिले उपयुक्त देखिएको स्थानमा विमानस्थल निर्माण गर्ने कार्य गर्नू–गराउनू भनी प्रत्यार्थीहरूका नाममा परमादेश जारी हुने ठहर्छ ।' निजगढ फैसलामा, विशेष गरी दुई न्यायाधीशको असहमतिको निर्णयमा, धेरै अन्तर्राष्ट्रिय विमानस्थलको प्रतिवेदन उल्लेख छ । इस्तान्बुल विमानस्थलका लागि जे दिगो छ, त्यो काठमाडौंका लागि दिगो हुँदैन पोखरा विमानस्थलका लागि जे दिगो छ, त्यो निजगढका लागि दिगो नहुन सक्छ । निजगढ निर्णयमा के छुटेको छ भने, दिगो विकास अन्तर्गत एउटा मापदण्ड सबै परिस्थितिका लागि उपयुक्त हुँदैन । प्रत्येक परिस्थितिलाई विशिष्ट परिस्थितिमा प्रचलित हुने मापदण्डमा मूल्यांकन गर्नुपर्दछ । समाधानमा पुग्न विज्ञहरूको विचार र प्रभाव मूल्यांकन प्रयोग गर्नुपर्छ । निर्णयमा वातावरणीय प्रभाव मूल्यांकन अन्य रिपोर्टबाट कपी–पेस्ट गरिएको उल्लेख छ । त्यसका लागि को जिम्मेवार छ ? भविष्यमा वातावरणीय प्रभाव मूल्यांकन तटस्थ र स्वतन्त्र हुनेछ भन्ने ग्यारेन्टी के छ ? दिगो विकास भनेको प्राकृतिक स्रोतको समन्यायिक उपयोग गर्नु हो । यसो गर्दा, न त स्रोतको प्रयोग (विकास) न संरक्षणले अर्कोलाई प्राथमिकता दिन्छ । यी दुईबीच सन्तुलन मिलाउन गाह्रो छ । न्यायाधीशहरूले सन्तुलनका कानुनी पक्षहरूबारे निर्णय गर्न सक्छन् ।

### प्रदूषकले वातावरणीय क्षतिपूर्ति तिर्नुपर्ने सिद्धान्त

नामले नै स्पष्ट छ, यो सिद्धान्तले प्रदूषण गराउने व्यक्तिले सम्भावित क्षति र आवश्यक कुनै पनि उपचारको खर्च बेहोर्नुपर्छ भन्ने मान्यता राख्छ । यसले वातावरणीय व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका खेल्छ, निवारकका रूपमा काम गर्दछ र हानिका लागि जवाफदेह बन्न निर्देशित गर्दछ । स्टकहोम घोषणाको वर्ष आर्थिक सहयोग र विकास संगठनद्वारा प्रदूषकले वातावरणीय क्षतिपूर्ति तिर्नुपर्ने सिद्धान्त अपनाएको थियो जसले अहिले युरोपमा कानुनी मान्यता पाएको छ । 'प्रदूषकले वातावरणीय क्षतिपूर्ति तिर्नुपर्ने सिद्धान्त' मानव स्वास्थ्य वा वातावरणमा क्षति हुन नदिन प्रदूषण उत्पादन गर्नेहरूले यसको व्यवस्थापनको लागत तिर्नुपर्ने भन्ने मान्यता हो । सबैभन्दा सामान्य उदाहरणमध्ये एक यो प्लास्टिकका झोलाहरूमा लागू हुन्छ । युरोपमा ग्राहकहरूले या त एउटा प्लास्टिक झोलाका लागि पैसा तिर्नुपर्छ वा आफ्नै झोला लिएर जानुपर्छ । प्रदूषण कम गर्नु राज्यहरूको दायित्व हुन्छ र क्षतिको गम्भीरता कानुनी सान्दर्भिकताको मुख्य कुरा हुन्छ, र हानि वा क्षतिले गैरकानुनी कार्यहरूबाट उत्पन्न हुने कानुनी चोटलाई जनाउँछ । युरोपेली संघले वातावरणीय अपराधलाई परिभाषित गरेको छ । 'कडा दायित्व' खतरनाक फोहोर, आणविक गतिविधि र समुद्री प्रदूषणसँग जोडिएको छ । कडा दायित्व स्वीकार गर्न राज्यहरू हिचकिचाउँछन् । वातावरणीय नियमहरूको उद्देश्य प्रदूषकहरूलाई प्रदूषणको वास्तविक लागत वहन गर्न बाध्य पार्नु हो, यद्यपि त्यस्ता लागतहरू गणना गर्न गाह्रो हुन्छ । त्यस्ता उपायहरूले 'प्रदूषण भुक्तानी' सिद्धान्तले पनि मार्गदर्शन गर्दछ ।

### साझा तर भिन्न जिम्मेवारी र क्षमताहरू

विश्वव्यापी वातावरणीय विनाशलाई सम्बोधन गर्नका लागि सबै राज्य जिम्मेवार छन् तर पनि समान रूपमा जिम्मेवार छैनन् भनी अन्तर्राष्ट्रिय वातावरणीय कानुनको सिद्धान्तले प्रस्ट्याएको छ । साझा तर फरक जिम्मेवारी र सम्बन्धित क्षमता जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघको संरचना महासन्धि (१९९२) को एउटा सिद्धान्त हो जसले जलवायु परिवर्तनलाई सम्बोधन गर्न विभिन्न देशका विभिन्न क्षमता र फरक जिम्मेवारीहरूलाई स्वीकार गर्दछ । जलवायु परिवर्तन महासन्धि राज्य पक्षहरूको सम्मेलनले पनि यो सिद्धान्तलाई टुंगो लगाउन सकेको छैन । त्यो हुनलाई उत्सर्जन समाप्त गर्न सन् १९९२ लाई कट अफ मितिका रूपमा स्वीकार गरेर त्यसपछि उत्सर्जनलाई अवैध घोषणा गर्न आवश्यक छ । विकासोन्मुख देशहरू आजसम्मको हरेक बैठकमा विकसित देशहरूसँग यो तर्क उठाउन असफल भएका छन् । जलवायु परिवर्तन महासन्धि जैविक विविधता महासन्धि (सन् १९९२) सँग मिल्दो छ जुन पृथ्वीमा भएका सबै विषयसँग सम्बन्धित छ ।

### संरक्षण, सुधार, क्षतिपूर्ति र माफी

एकीकरणाको सिद्धान्त अनुसार दिगो विकासलाई प्रवर्द्धन गर्ने क्रममा वातावरणीय संरक्षणलाई अन्य नीतिगत क्षेत्रहरूमा एकीकृत गर्न आवश्यक छ । निजगढ सम्बन्धी बहुमतीय फैसलामा दिगो विकासलाई कडाइका साथ कार्यान्वयन गर्ने र वातावरणमा 'हानि गर्न नहुने' तर्क लिइएको देखिन्छ । सरकारले कति रूख कटायो, ती कसले बेचे र कति रकम कहाँ राखे भनेर न्यायाधीशहरूले सरकारलाई सोध्न सक्थे । गैरकानुनी वन विनाशका लागि सरकारलाई जनतासँग माफी माग्न न्यायाधीशहरूले आदेश दिन सक्थे । वातावरणीय सिद्धान्तहरूमा संरक्षण, सुधार, पुनःस्थापना र जनसन्तुष्टिका रूपमा माफीलाई सम्बोधन गर्न सकिन्छ, यहाँ सो गरिएको छैन । न्युजिल्यान्डको अदालतले प्रकृतिलाई जीवित प्राणीका रूपमा स्वीकार गरेको (न्याचुरल इकोसिस्टम ऐज लिभिङ बिङ) निजगढ मुद्दामा उल्लेख छ र आवेदकहरूले 'इकोसाइड' अन्त्य गर्न अप्रत्यक्ष रूपमा मात्र माग गरेका छन् ।

### स्टकहोम ५०+ को महत्त्व के हो ?

संयुक्त राष्ट्र संघद्वारा आयोजित मानव पर्यावरण सम्बन्धी स्टकहोम सम्मेलन र यसको घोषणा ५०+ वर्षको अवधिमा ऐतिहासिक प्रमाणित भएको छ । उत्तम वातावरणीय अभ्यासहरू स्टकहोम सम्मेलनपछि नै विकसित भए । सम्मेलन उप्रान्त हावा, पानी, माटो, वायुमण्डल, जलवायु र जैविक विविधता सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरू, अन्तर्राष्ट्रिय घोषणाहरू र उल्लेखनीय न्यायिक निर्णय भएका छन् । अन्तर्राष्ट्रिय वातावरणीय कानुनका लगभग सबै पाठ्यपुस्तकका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय अदालतका निर्णयहरूमा स्टकहोम सम्मेलन र यसको घोषणालाई सन्दर्भका रूपमा उल्लेख गर्ने गरिएको छ । स्टकहोम (१९७२) बाट रियो सम्मेलन (१९९२) र रियोदेखि जोहानेसबर्ग (२००२) सम्म पर्यावरणीय चासोका ऐतिहासिक चरणहरू छन्, तर अहिलेसम्म अन्तर्राष्ट्रिय चेतना र चासोको स्तरसँग मेल खाने नतिजा आउन सकेको छैन । स्विडेनमा २०२२ को मे ३० देखि जून २–३ सम्म चलेको स्टकहोम ५०+ उत्सवका क्रममा सरकारी र गैरसरकारी तहमा विभिन्न कार्यक्रमको आयोजना गरियो । स्टकहोम र लुन्ड विश्वविद्यालयले मे ३० मा सुरक्षा र दिगो विकास कानुनबारे एकदिने गोष्ठी आयोजना गरेका थिए । युक्रेनले रुसी आक्रमणको सामना गरिरहेको बारेमा सुरक्षा र दिगो विकास गोष्ठीमा खासै चर्चा भएन । स्टकहोम विश्वविद्यालयको वातावरणीय कानुन र नीति केन्द्रले आउँदो सेप्टेम्बर १५–१७ मा पहिलो संयुक्त राष्ट्र सम्मेलन ( १९७२) को ५० औं वार्षिकोत्सवको परिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय पर्यावरण कानुन सम्मेलन गर्दै छ । न्यायाधीशहरू र वातावरण सम्बन्धी दुईदिने गोष्ठीले वातावरणीय शासनको कार्यान्वयनमा न्यायपालिकाको भूमिकासँग सम्बन्धित निम्न तीनवटा मुख्य विषयलाई सम्बोधन गरेको थियो : (१) राष्ट्रिय र अन्तर्राष्ट्रिय वातावरणीय कानुन, सम्झौता र घोषणाहरू समावेश गर्न न्यायाधीशहरूले खेल्न सक्ने निर्णायक भूमिका, (२) कानुनको वातावरणीय शासनको पूर्ण आवश्यकताका रूपमा न्यायिक स्वतन्त्रता र अखण्डताको सुदृढीकरण, र (३) वातावरणीय कानुनको क्षेत्रमा न्यायिक शिक्षावरपरका चुनौतीहरू । न्यायाधीश सम्मेलनमा नेपालको सर्वोच्च अदालतका न्यायाधीश सपना मल्ल प्रधानको पनि उपस्थिति थियो भने न्यायाधीश आनन्दमोहन भट्टराईले जुममार्फत भाग लिएका थिए । न्यायाधीश सम्मेलनमा यो छोटो टिप्पणी गर्ने अवसर यो लेखकलाई पनि मिल्यो : धेरैजसो अवस्थामा, वातावरण संरक्षण सम्बन्धी मुद्दाका पक्षहरूबीच असमानता हुन्छ । विकास आयोजनाका योजनाकारहरू सरकार वा धनी उद्योगपति हुन्छन्, जसमा मुद्दाहरूको प्रतिरक्षा गर्ने अत्यधिक शक्ति हुन्छ वातावरण संरक्षणमा संलग्न नागरिकहरूका तुलनामा । विशेष गरी, पर्यावरण संरक्षणका विषयहरूमा परम्परागत कानुनहरू सधैं तटस्थ, वैध र न्यायसंगत हुँदैनन् । त्यसैले, न्यायाधीशहरूले इमानदारीको उद्देश्य र बौद्धिक निष्ठाका साथ कानुनको आलोचनात्मक प्रयोग गर्नुपर्छ । निष्कर्षमा, निजगढमा उचित वातावरणीय प्रभाव मूल्यांकन नगरी रूख काट्ने निर्णय गर्नेहरू पर्यावरणीय विनाशको नियम नहुँदा सजायको भागीदार हुन सकेनन्रु निजगढमा वनविनाश रोक्न बहुमतको फैसलाले आदेश गरे पनि पर्यावरणीय विनाशसम्बन्धी दण्डहीनताको अन्त्यका लागि कुनै अदालतको अर्को निर्णय, राष्ट्रिय कानुन वा अन्तर्राष्ट्रिय सन्धि पर्खनुपर्छ । नेपालको सर्वोच्च अदालतले वातावरण संरक्षणलाई असर गर्ने विकास योजना बनाउँदा कानुनी राय दिन (नागरिकले बेलैमा आवदेन गर्ने अवसर दिन) सक्ने स्थायी वातावरणीय इजलासको स्थापना गर्नुपर्ने देखिन्छ । नेपाल र अन्यत्र वातावरण संरक्षणमा समर्थन गर्ने मानिसहरूलाई विकास विरोधी ठान्ने निश्चित मानसिकता भएका मानिसहरू छन् । यस्तो सोच विकासविरोधी मात्रै होइन, विनाशकारी पनि हो । यो मानसिकता परिवर्तन गर्न आवश्यक छ । वर्तमान शताब्दी उत्कृष्ट वातावरणीय अभ्यासको समय हो जसको अर्थ वातावरणीय नियन्त्रण उपाय र रणनीतिहरूको सबैभन्दा उपयुक्त संयोजनको प्रयोग हो । इकान्तिपुर

# महाकवि मन्त्रीको.....

देवकोटाको राजनीतिक जीवन, चिन्तन र आचरणबारे बलियोसँग जानकार छैनौं । देवकोटाको राजनीतिक जीवनबारे गतिलो अध्ययन–लेखन भएको भए राणाकालमा नेपाली कांग्रेसको राजनीतिमा उनको संलग्नतादेखि प्रजातन्त्रकालमा सल्लाहकार सभाका सभासद् र मन्त्रीको हैसियतले खेलेको भूमिका पनि उजागर हुन्थ्योरु त्रिभुवनबाट दुई पटक सल्लाहकार सभामा मनोनीत देवकोटा पछि राजा महेन्द्रको सिफारिसमा डा. केआई सिंहको मन्त्रिपरिषद्मा शिक्षा, स्वायत्त शासनमन्त्री नियुक्त भएका थिए । राजेश गौतम ('नेपालको प्रजातान्त्रिक आन्दोलन र डा. केआई सिंह,' पृ. २५१, नूरगंगा प्रतिष्ठान, २०६३) का शब्दमा, सिंह सरकारमा देवकोटा पनि पुरेन्द्रविक्रम शाह र भूपालमान सिंहजस्तै 'स्वतन्त्र व्यक्तिहरू अर्थात् राजाका व्यक्तिहरू' थिए । उनको सांस्कृतिक राजनीति, विशेषतः भाषिक राजनीतिको संकेत सभाको विरोधी बेन्चका नेताको भाषण र विश्वमणि हातपात प्रकरणबाट झल्किन्छ ।

### राष्ट्रभाषा र हिन्दीको स्थानबारे विवाद

सात सालमा प्रजातन्त्र स्थापनासँगै क्षेत्रीय स्वायत्तता र भाषिक अधिकारजस्ता प्रजातान्त्रिक हकको माग पनि भएको थियो । धेरैलाई लाग्न सक्छ, नेपालमा राष्ट्रभाषा र हिन्दीको स्थानबारे माग उठाउने नेपाल तराई कांग्रेस नै होला । भवेश्वर पँगेनी ('नेपालमा भाषा विवाद : एक राजनीतिक मुद्दा, विसं २०१०–२०१५,' भ्वाइस अफ हिस्ट्री, भोलुम १६, नं. २, पृ. ९२, २०५८) का अनुसार, वेदानन्द झाको नेतृत्वमा २०१० सालमा गठित नेपाल तराई कांग्रेसले पहाड र तराई स्वशासित प्रान्तसँगै हिन्दीलाई राज्यभाषा (स्टेट ल्याङ्वेज) बनाउनुपर्ने उद्देश्य अगाडि सारेको पक्कै थियो । राजेश गौतमका अनुसार, त्यसअघि नै भारतमा भाषाको आधारमा प्रदेश निर्माणका पक्षधर रहेका राहुल सांकृत्यायनले २००९ पुस २५ गते पटनामा 'नेपालमा हिन्दी भाषा बोल्ने जनताका लागि अलग्गै राज्य (प्रदेश) हुनुपर्ने' मत व्यक्त गरेका थिए । जनकलाल शर्माको दाबी छ, 'नेपालमा हिन्दी राष्ट्रभाषा हुनुपर्छ भन्ने कुराको खिचलो झिक्नेमा प्रमुख हात भूपू प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाकै थियो ।' नेपाली कांग्रेसका सभापति र प्रधानमन्त्री समेत भएका कोइरालाले २००९ सालमै यो कुरा उठाएका थिए । उनले २०१३ जेठ ४ मा विराटनगरको आमसभामा पनि बोलेका थिए, 'नेपालको राष्ट्रभाषा हिन्दी हुनुपर्दछ । मेरा भाइ नेपाली कांग्रेसका नेता श्री विश्वेश्वरप्रसाद कोइराला पनि हिन्दी राष्ट्रभाषा बनाउने कुराका समर्थक हुन् ।' यसै क्रममा राष्ट्रभाषाको प्रश्नमा बुद्धिजीवी वृत्तमा बहससँगै राजनीतिक मञ्चमा आरोप–प्रत्यारोप र संघर्ष तीव्र भयो । मातृकाप्रसादको भनाइमा उनका भाइ विश्वेश्वरप्रसादले २०१३ जेठ २६ मा पाँचवटा कुरा उठाए : (१) नेपालको राष्ट्रियताको आधार र मूल स्रोत नेपाली भाषा हो र यसको स्थान निश्चय नै सर्वोच्च रहनेछ, (२) राष्ट्रभाषाको प्रश्नको निर्णय विधान परिषद्ले गर्नुपर्दछ, यो एक व्यक्ति वा पार्टीले गर्ने निर्णय होइन, (३) नेपालको राष्ट्रियताका लागि हिन्दी पनि एउटा महत्त्वपूर्ण भाषा भएकाले नेपाली नागरिकहरूले यो भाषाको पनि अध्ययन गर्नुपर्दछ, (४) तराई खण्डमा हिन्दीलाई स्थानीय भाषाको महत्त्व दिनुपर्दछ, ( ५) हिन्दी भाषाबारे मेरो पनि विचार मिल्छ भन्दै मातृकाप्रसादले गरेको प्रचार मिथ्या मात्र हो (ग्रीष्मबहादुर देवकोटा, 'नेपालको राजनीतिक दर्पण,' पृ. ४०५–६, ध्रुवबहादुर देवकोटा, २०३६) । इकान्तिपुर

सिहौनमको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक



## छानबिन समितिको....

अर्थ मन्त्रालय प्रवेश गरेको हो भन्ने यथेष्ट प्रमाण भेटिएन' भन्ने निष्कर्ष राख्न चाहन्छन् । प्रमुख प्रतिपक्षी नेकपा एमालेका सांसदहरु भने यही भाषा राख्न सहमत देखिँदैनन् । संसदीय विशेष समितिले अर्थ लगायतका मन्त्रालयले असहयोग गरेको भाव राख्न चाहेको देखिन्छ । 'प्रमाणहरु सहजै भेटिएनन्', एमालेका एक सदस्य भन्छन्, 'सहजै प्रमाण लिएर लेखिनु र बल्ल बल्ल प्रमाणको छेउछाउ पुगेर पनि प्रष्ट हुन नसकेर प्रतिवेदन लेखिनुको धरातल फरक पर्छ होला ।'

*फुटेज डिलिट भयो कि गरियो ?*

यो विवादमा सीसीटीभी फुटेज १३ दिन मात्र अभिलेखमा रहने, त्यसपछि क्रमशः मेटिने अर्थ मन्त्रालयको सार्वजनिक वक्तव्यपछि तत्कालीन अर्थमन्त्री शर्मा संकटमा परेका थिए । प्रमाण लुकाउन फुटेज डिलिट गरेको भन्दै सत्तारुढ दलहरुबाटै उनको राजीनामा माग भयो भने सभामुख अग्निप्रसाद सापकोटा छानबिनका लागि संसदीय विशेष समिति बनाउने निर्णयमा पुगेका थिए । २२ असारमा संसदले विशेष समिति बनाए लगत्तै शर्माले राजीनामा घोषणा गरेका थिए । तर करको दर हेरफेरमा अनधिकृत व्यक्तिको संलग्नताबारे यथेष्ट प्रमाण फेला पार्न नसकेको निष्कर्ष नजिक पुगेको विशेष समिति जेठ १४ गतेको सीसीटीभी फुटेज डिलिट गरिएको आरोपमा प्रष्ट बोल्ने सम्भावना कम देखिएको छ । किनकी गृह मन्त्रालयले पनि १६ दिनको मात्र फुटेज अभिलेखमा रहेको जवाफ दिएको छ । विशेष समितिका एक सदस्य भन्छन्, 'गृह र अर्थमा उस्तै भाषा आएपछि अर्थले नियतवश सीसीटीभी फुटेज डिलिट गरेकै हो भन्न सकिएन ।' अनलाइन खबर

## स्थानीय.................

निर्वाचन सामग्री ढुवानीले पनि खर्च बढाउँछ । आयोगले यसपटकको निर्वाचनमा खटिने कर्मचारीहरुको भत्ता लगायतका सुविधा पनि कटौती गरेको थियो । अनि कर्मचारीहरुलाई नजिकको निर्वाचन केन्द्रमा खटाएको थियो । एकै चरणमा निर्वाचन गर्दा कार्यालय स्थापना र व्यवस्थापनको प्रशासनिक खर्च जोगिएको आयोगको भनाइ छ । यसपटकको निर्वाचनका लागि आयोगले गाडी खरिददेखि घोडचढीका खर्चसमेत कटौती गरेको थियो । प्रमुख आयुक्त थपलियाले यसपटक सामान खरिद समेत प्रतिस्पर्धात्मक भएको दावी गरे । उनका अनुसार, कतिपय सामग्री त अनुमान गरिएको ४० प्रतिशत कम मूल्यमा खरिद भएको छ । अघिल्लोपटक निर्वाचन सामग्री ढुवानीमा ५४ करोड रुपैयाँ खर्च भएकोमा यसवर्ष चार करोडमै मतपत्र ढुवानी भएको छ । आयोगले यसपटक हवाइ यातायातको सट्टा सकेसम्म सवारी साधनबाट निर्वाचन सामग्री पठाएको थियो । निर्वाचन आयोगले उपयोगी र प्रभावकारी नभएको भनी यसपटक मतदाता शिक्षाको अधिकांश बजेट कटौती गऱ्यो । स्थलगत रुपमा मतदाता शिक्षा सञ्चालन नभएपछि करिब ३८ करोड रुपैयाँ खर्च घटेको छ । केन्द्रबाट करिब २० प्रतिशत मात्रै रकम खर्च गरी बाँकी सबै रकम जिल्लास्थित निर्वाचन कार्यालयबाट परिचालन गरिएको आयोगले जनाएको छ । आयोगले गर्ने निर्वाचन खर्चलाई प्रतिमत खर्च भनी लागत निकाल्ने अन्तर्राष्ट्रिय प्रचलन हुन्छ । त्यसरी हेर्दा अघिल्ला तीन निर्वाचनको तुलनामा यसपालि कम खर्चमा निर्वाचन भएको हो । प्रतिनिधिसभा र प्रदेशसभा गरी दुई तह अनि प्रत्यक्ष र समानुपातिक गरी दुई प्रणालीको निर्वाचन गर्नुपर्ने भएकाले आगामी मंसिरको निर्वाचनमा तुलनात्मक रुपमा बढी खर्च हुने आयोगको आन्तरिक आँकलन छ । अनलाइन खबर

## मधेशलाई...............

समितिले पालिका प्रमुख तथा जिल्ला समन्वय समितिले प्रमुख जिल्ला अधिकारी मार्फत मुख्यमन्त्री र प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिने निर्णय प्रदेश कार्यकारिणी बैठकले गरेको थियो । त्यस्तै पर्सामा मंगलबार जिल्ला समन्वय समिति अध्यक्ष रामनरेश यादवको अध्यक्षतामा बसेको बैठकले वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनको समीक्षा गरेको छ । पार्टीको विधान, नीति र निर्णय विरुद्ध जाने नेता कार्यकर्ताहरुलाई सम्झाउने र आगामी दिनमा गल्ती नदोहोऱ्याउन सचेत गराउने निर्णय भएको सचिव अहमदले जानकारी दिए । जिल्लाबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्य, केन्द्रीय सल्लाहकार, संघीय परिषद सदस्य, प्रदेश सदस्य, प्रदेश सभा सदस्य, जिल्ला पदाधिकारी एवं सदस्य, भातृसंगठनका केन्द्रिय पदाधिकारी, जिल्ला अध्यक्षहरु लगायतको उपस्थितिमा बसेको बैठकले संगठन विस्तार गर्ने निर्णय समेत गरेको छ । बैठकले संघ र प्रदेशमा महिला सदस्यको नामावली पठाउने सन्दर्भमा पनि छलफल गरेको छ । वीरगञ्जमा बसेको पछिल्लो केन्द्रीय समिति बैठकमा ३३ प्रतिशत महिला सहभागिता कार्यान्वयन हुनुपर्ने चर्को आवाज उठेपछि जसपाले कार्यान्वयन गर्न लागेको हो । अनलाइन खबर

## राष्ट्र बैंकका............

राष्ट्र बैंकले औंल्याएको छ । आर्थिक वर्षको राष्ट्र बैंकले गरेको स्थलगत र गैरस्थलगत सुपरिवेक्षणका आधारमा राष्ट्र बैंकले उक्त प्रतिवेदन तयार गरेको हो । आर्थिक वर्ष २०७७/७८ मा केन्द्रीय बैंकले पहिलो र दोस्रो त्रैमासमा कोरोना महामारीका कारण सुपरिवेक्षण गर्न नसकेको जनाएको छ । राष्ट्र बैंकका अनुसार तेस्रो त्रैमासमा सिटिजन्स बैंक, सेन्चुरी बैंक, सिभिल बैंक र ग्लोबल आईएमई बैंकको स्थलगत सुपरिवेक्षण गरेको छ । चैथो त्रैमासमा बैंक अफ काठमाण्डु, लक्ष्मी र नबिल बैंकको स्थलगत सुपरिवेक्षण गरेको छ । यसबाहेक बैंक अफ काठमण्डु, सनराइज बैंक, प्रभु बैंक, नेपाल बंगलादेश बैंक र माछापुच्छ्रे बैंकको विषेश सुपरिवेक्षण गरेको छ । सुपरिवेक्षणमा देखिएका कमीकमजोरी सुधारका लागि निर्देशन समेत दिइसकेको प्रतिवेदनमा उल्लेख छ । राष्ट्र बैंकले बैंकहरुले दिएको जोखिम अनुसारको प्राथमिक पूँजी व्यवस्थापन गर्न बैंकहरुले नसकेको प्रतिवेदनमा उल्लेख छ । 'धेरैजसो बैंकको कर्जा स्वीकृत प्रक्रियामा बोर्डको पनि संलग्नता रहेको पाइएको छ । बैंकको बोर्डले नीति निर्माण/कार्यान्वयन र जोखिम व्यवस्थापन प्रक्रियाहरुको सट्टा व्यापारिक कार्यहरूमा बढी ध्यान केन्द्रित गर्ने गरेको देखिन्छ,' बैंक सुपरिवेक्षण प्रतिवेदनमा भनिएको छ, 'केही बैंकहरूमा कर्जा जोखिमका लागि जोखिम भार गलत लेखाङ्कन गरेको छ । भुक्तानी नगरिएको ऋणको लागि सही लेखांकन नगरेर पूँजी अनुपात बढाएको छ ।' यस्तै दीर्घकालीन ऋण प्रतिबद्धताहरुको जोखिम भार अनुचित ढंगले तोक्ने गरेको प्रतिवेदनमा उल्लेख छ । बैंकहरुको पूँजी संरक्षण बफर पूँजी पर्याप्तता फ्रेमवर्क, २०१५ अनुसार नभएको राष्ट्र बैंकले जनाएको छ । धेरै बैंकहरुमा आन्तरिक र बाह्य लेखापरीक्षण प्रतिवेदनहरू माथि उठेका सवालहरुको समाधान गर्न प्रभावकारी संयन्त्रको अभाव रहेको प्रतिवेदनमा उल्लेख छ । बैंकहरुले 'एड-हक' बेसिसमा छोटो अवधिका कर्जा दिने र कर्जाको भुक्तानी मिति बढाउने गरेको राष्ट्र बैंकले जनाएको छ । बैंकहरुले कर्जा तिर्ने अवधि बढाउँदै जाने र कर्जा समयमा भुक्तानी नहुँदा बैंक तथा वित्तीय संस्थाले अन्य बैंक वित्तीय संस्थाबाट कर्जा लिएर व्यवस्थापन गर्ने प्रचलन रहेको जनाएको छ । 'कतिपय बैंकहरुले आवश्यकताको उचित मूल्यांकन नगरी ऋणीको अनुमानित वित्तीय क्षमताको आधारमा नभई धितोमा आधारित ऋण दिएका छन् । कोरोना महामारीको समयमा सहुलियतको रुपमा प्रदान गरेको थप चालु पूँजी कर्जा अन्य ऋणको साँवा तथा ब्याज तिर्न प्रयोग भएको छ' प्रतिवेदनमा भनिएको छ । बैंकहरुले लगानी गरेको कर्जा उद्देश्य अनुसार प्रयोग नभएको र बैंकहरुले त्यसको अनुगमन पनि नगरेको राष्ट्र बैंकले जनाएको छ । अधिकांश बैंकमा कर्जा र इक्विटी अनुपात ४:१ भन्दा माथि भएका ऋणीहरुलाई एकीकृत निर्देशनको व्यवस्था अनुसार वर्गीकृत नगरेको समेत पाइएको बताएको छ । केही बैंकहरुको सम्पत्ति दायित्व समितिको सदस्यको रूपमा प्रमुख जोखिम अधिकारी रहेको र यसबाट हुने व्यापारी निर्णयमा जोखिम व्यवस्थापन कार्य स्वतन्त्र हुन नसक्ने राष्ट्र बैंकले जनाएको छ । अधिकांश बैंकले ब्याजदरमा उतार-चढावबाट उत्पन्न जोखिमलाई सम्बोधन गन जोखिम मूल्यांकनका लागि छुट्टै बृहत नीति नबनाएको प्रतिवेदनमा उल्लेख छ । बोर्डले बनाएको निरीक्षणको स्तर र सञ्चालनमा कतिपय बैंकका वरिष्ठ व्यवस्थापन कमजोर देखिएको उल्लेख छ । 'आन्तरिक नीतिहरूको पालना नहुने, निर्देशनहरूको कमजोर अनुगमन, आन्तरिक र बाह्य लेखा परीक्षकको प्रतिवेदनले समान प्रकृतिका समस्याहरु नियमित रूपमा देखाएका छन्,' प्रतिवेदनमा भनिएको छ । बैंकहरुले सूचना र सुरक्षा प्रणालीको लेखा परीक्षण अनिवार्य रूपमा नगरेको पनि राष्ट्र बैंकले जनाएको छ । राष्ट्र बैंकका प्रवक्ता डा. गुणाकर भट्टले स्थलगत र गैरस्थलगत सुपरिवेक्षणका क्रममा बैंकहरुले गरेका कमजोरी तथा गल्तीहरुलाई नियामकीय व्यवस्थाअनुसार कार्यान्वयन गर्न निर्देशन दिइसकेको बताए । त्यसलाई पनि अटेर गरेर कार्यान्वयन नगर्ने बैंकहरुलाई एकीकृत निर्देशनमा भएको व्यवस्था अनुसार आवश्यक कारबाही हुने उनी बताउँछन् । अनलाइन खबर

## एटीएम मेसिन..........

वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको टोलीले फुटाउँदै गरेको अवस्थामा उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूविरुद्ध चोरी सम्बन्धी कसुरमा साउन ९ गते पर्सा जिल्ला अदालतबाट ७ दिनको म्याद अनुमति लिएर थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । अनलाइन खबर

# हनुमान मन्दिरमा मुर्तीको प्राणप्रतिष्ठान

*वीरगञ्ज, १० साउन/*

वीरगञ्ज महानगरपालिका वडा नम्बर १७ अलौंको ब्रह्मस्थानस्थित हनुमान मन्दिरमा मुर्तीको प्राणप्रतिष्ठाण गरिएको छ । वीरगञ्ज महानगरपालिका वडा नमबर १७ की निवर्तमान अध्यक्ष सुखरानी यादवको कोषबाट निर्मित हनुमान मन्दिरमा मोहीत एग्रो इन्डष्ट्रिज प्रा.ली.को सहयोगमा मुर्तीको प्राणप्रतिष्ठाण गरिएको हो । चैत २०७८ मा निर्मित मन्दिरमा मंगलवार मुर्तीको प्राणप्रतिष्ठाण गरिएको हो । प्रा.लीका प्रबन्ध निर्देशक एवम् वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष डा. सुवोध कुमार गुप्ताले मुर्तीको प्राणप्रतिष्ठाण गरेका हुन् । प्राणप्रतिष्ठानपश्चात मन्दिर समितिका अध्यक्ष शिवनारायण साह कानुलाई मन्दिरको साँचो हस्तान्तरण गरिएको थियो । कानुलाई नै मन्दिरको हेरचाह गर्ने जिम्मेवारी दिइएको छ । माँ द्वार देवी मन्दिर पूजा समितिको व्यवस्थापनमा भएको मुर्ती प्राणप्रतिष्ठाणका अवसरमा वडा अध्यक्ष सञ्जिव बहादुर क्षेत्री, डा. गुप्ताका बुबा शुकदेव प्रसाद भगत, आमा कान्ती देवी, दिनेश प्रसाद कलवार, प्रमोद प्रसाद कलवार, जसपाका नेता बिरेन्द्र प्रसाद यादव लगायतको उपस्थिती रहेको थियो । यसअघि आइतवार कलश यात्रासमेत निकालिएको थियो । कलश यात्रामा हिन्दु धर्मप्रति आस्थावान स्थानीयको उल्लेख्य उपस्थिती रहेको थियो ।

# ६ थान नक्कली नोटसहित एक युवक पक्राउ



*वीरगञ्ज, १० साउन/*

प्रहरीले वीरगञ्जबाट १ हजार दरका ६ थान नक्कली नोटसहित एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा रौतहटको परोहा नगरपालिका वडा नं.३ बस्ने बिटु द्विवेदी रहेका छन् ।

प्रहरीले विशेष सूचनाको आधारमा साउन ८ गते साँझ ५ बजे वडा प्रहरी कार्यालय श्रीपुर, पर्साबाट खटिएको टोलीले वीरगञ्ज महानगरपालिका- ११ श्रीपुरटोल स्थित सडकखण्डबाट उनलाई पक्राउ गरेको हो । उनको साथबाट प्रहरीले नेपाली रुपैयाँ १ हजार दरका ६ थान नक्कली नोट बरामद भएको कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्कीले बताए ।

पक्राउ परेका उनीमाथि मुद्रा सम्बन्धी कसूरमा साउन ९ गते पर्सा जिल्ला अदालतबाट ७ दिनको म्याद लिइ थप अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । अनलाइन खबर

पत्रिका मागेर होईन किनेर पढ्ने बानी बसालौं ।

# ६३८ जनामा कोरोना संक्रमण, २ को मृत्यु

*काठमाडौं, १० साउन/*

पछिल्लो २४ घण्टामा थप ६३८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ भने २ जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ५ हजार ५५ जनाको परीक्षणमा ६३८ जनामा संक्रमण पुष्टि भएको हो । जसमध्ये २ हजार २१५ जनाको पीसीआर परीक्षण गर्दा ४०० जना र २ हजार ८४० जनाको एन्टिजेन परीक्षण गर्दा २३८ जनामा संक्रमण देखिएको मन्त्रालयको भनाइ छ । योसँगै कोरोना भाइरसको सक्रिय संक्रमितको संख्या ३ हजार ७१४ पुगेको छ । पछिल्लो २४ घण्टामा २१८ जना संक्रमणमुक्त भएका छन् । अनलाइन खबर


## प्रसौनी गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

- ☐ जथाभाबि फोहर नफालौं र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौं ।
- ☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिक हिंसा मुक्त गरौं ।
- ☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।
- ☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई-सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
- ☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- ☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।

## पचरौता नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

- ☐ जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता बसाई-सराई लगायतका घटना दर्ताहरु समयमै गरौं ।
- ☐ सरसफाई हामी सबैको पहिचान हो स्वस्थ जीवनयापनका लागि आफ्नो घर-आंगन, सडक पेटी जथाभावी फोहर फाल्ने काम नगरौं । नगरलाई प्रदुषण मुक्त गरी हराभरा बनाऔं ।
- ☐ वातावरण हामी सबैका साझा सम्पत्ती हो ।
- ☐ जथाभाबि फोहर नफालौं र आफना क्षेत्र सफा राख्नमा सहयोग गरौं ।
- ☐ लैगिंक हिंसा सामाजिक अपराध हो । हामी सबै मिलेर लैगिक हिंसा मुक्त गरौं ।
- ☐ समयमा कर तिरौं, नगरको बिकासमा सहभागी बनौं ।

## व्यक्तिगत घटना दर्ता समय मै गर

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा